Soaltee Hotel Limited

२८ मंसिर २०७८ (१४ दिसम्बर २०२१)

श्रीमान महा प्रबन्धकज्यू,
नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा,
काठमाण्डौं ।

विषय : जानकारी गराएको सम्बन्धमा ।

महोदय,

यस कम्पनीको ४७औं वार्षिक साधारण सभा यहि २०७८ साल मंसिर २८ गते (१४ दिसम्बर २०२१) मंगलबारका दिन **बिहान ११ बजे कम्पनीको रजिष्टर्ड कार्यालय,** ताहाचल, काठमाडौं, नेपालमा भौतिक तथा अभौतिक भर्चुवल भिडियो कन्फ्रेरेन्स माध्यमबाट विधिवत सम्पन्न भएको व्यहोरा अनुरोध गर्दछौं ।

कम्पनीको उक्त ४७औं वार्षिक साधारण सभाले निम्नलिखित प्रस्तावहरु पारित गरेको जानकारी गराउंदछौं :–

१. कम्पनीको ४७औं वार्षिक साधारण सभाले **आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१)** को **संचालक समितिको वार्षिक प्रतिवेदन** उपर छलफल गरी सर्वसम्मतिबाट पारित गऱ्यो ।

२. कम्पनीको ४७औं वार्षिक साधारण सभाले लेखापरीक्षकको प्रतिवेदन सहितको **आर्थिक वर्ष २०७७/०७८ (२०२०/२१)** का **वार्षिक आर्थिक विवरणहरु** (Financial Statements), २०७८ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको *नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)*, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष **२०७७/०७८** (२०२०/२१) को वित्तीय विवरणहरु समेत समावेश रहेको **एकिकृत आर्थिक विवरणहरु,** (Consolidated Financial Statements) उपर छलफल गरी सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. कम्पनीको ४७औं वार्षिक साधारण सभाले कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम **आर्थिक वर्ष २०७८/०७९** *(२०२१/२२) का लागि कम्पनीको लेखापरीक्षण गर्नका लागि* **श्री बी. के. अग्रवाल एण्ड कं.,** चाटर्ड एकाण्टेण्टस् काठमाण्डौंलाई **बैधानिक लेखापरीक्षक नियुक्त** गर्ने प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरी निजको पारिश्रमिक समेत निर्धारण गऱ्यो ।

४. कम्पनीको संचालक समितिमा संस्थागत शेयरधनीहरु मध्येबाट नियुक्त ५ जना र सर्वसाधारण शेयरधनीहरु मध्येवाट निर्विरोध निर्वाचित हुनुभएका ३ जना संचालक र १ जना स्वतन्त्र संचालक गरी ९ जना रहेको नयां संचालक समिति गठन भयो । जस अनुसार संस्थागत शेयरधनी सोल्टी ईन्टरप्राइजेज प्राइभेट लिमिटेडको प्रतिनिधित्व गर्न सो संस्थाको तर्फबाट नियुक्त हुनुभएका ४ जना संचालकमा **श्री दिनेश बहादुर विष्ट, श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ र श्री जया राज्यलक्ष्मी शाह,** तथा नेपाल वायुसेवा निगमको प्रतिनिधित्व गर्न सो संस्थाको तर्फबाट नियुक्त हुनुभएका १ जना संचालकमा **श्री गणेश बहादुर चन्द** नियुक्त हुनु भएको छ । त्यसैगरी कम्पनीका सर्बसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्न सर्बसाधारण शेयरधनीहरुको तर्फबाट निर्विरोध निर्वाचित हुनुभएका ३ जना संचालकमा **श्री शशीराज पाण्डे, श्री निरञ्जन कुमार टिवरेवाला र श्री प्रकाश विक्रम खत्री** रहनु भएको छ । त्यसैगरी, कम्पनीको ४७औं वार्षिक साधारण सभाले **श्री दीपक राज जोशी,** मण्डिखाटार, काठमाण्डौंलाई सर्वसम्मतीबाट स्वतन्त्र सञ्चालक नियुक्त गरेको छ ।

P O Box 3800, Tahachal, Kathmandu, Nepal, Telephone:- +977-1-4272567, 4273999, Fax: +977-1-4272201, 4272206 , E-mail: shl@soaltee.com.np
सोल्टी होटल लिमिटेड रजिष्टर्ड अफिस ताहाचल, काठमाडौं
कम्पनी दर्ता नं ९६/०३२

साथै ४७औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात लगतै बसेको नयां सञ्चालक समितिको २३७औं बैठकले **श्री दिनेश बहादुर बिष्ट** लाई सर्वसम्मतीबाट आगामी चार वर्षको कार्यकालका लागि संचालक समितिको अध्यक्ष तथा कम्पनीको कार्यकारी अध्यक्ष नियुक्त गरेको छ ।

उपरोक्त बमोजिम, ४७औं वार्षिक साधारण सभाले निम्नलिखित ९ (नौ) जना संचालक समितिका सदस्य रहेको कम्पनीको संचालक समिति गठन गऱ्यो:

| क्र.स. | संचालक समितिका सदस्यको नाम | ठेगाना | पद |
|---|---|---|---|
| १ | श्री दिनेश बहादुर बिष्ट | धोबिघाट, ललितपुर उपमाहानगरपालिका, वोडा नं. ४, ललितपुर | कार्यकारी अध्यक्ष |
| २ | श्री रवि भक्त श्रेष्ठ | किरण भवन, सानेपा, ललितपुर उपमाहानगरपालिका, ललितपुर । | सञ्चालक |
| ३ | श्री राजेश काजि श्रेष्ठ | लाजिम्पाट, काठमाण्डौ माहानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ४ | श्री जया राज्यलक्ष्मी शाह | थापाथली, काठमाण्डौ माहानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ५ | श्री गणेश बहादुर चन्द | न्यूरोड, काठमाण्डौ माहानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ६ | श्री शशी राज पाण्डे | डिल्लिबजार, काठमाण्डौ माहानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ७ | श्री निरन्जन कुमार टिबरेवाला | कमलादी, काठमाण्डौ माहानगरपालिका, काठमाण्डौ । | सञ्चालक |
| ८ | श्री प्रकाश विक्रम खत्री | गंगा निवास, जाउलाखेल, ललितपुर महानगरपालिका, ललितपुर, प्रदेश नं. ३, नेपाल । | सञ्चालक |
| ९ | श्री दीपक राज जोशी | मण्डिखाटार, काठमाण्डौ । | स्वतन्त्र सञ्चालक |

५. कम्पनीको ४७औं वार्षिक साधारण सभामा प्रस्ताव गरिए बमोजिमका सम्पूर्ण प्रस्तावहरु उक्त सभाले सर्वसम्मतिबाट स्विकृत गरी पारित गरेको जानकारी अनुरोध गर्दछौं ।

६. साथै, कम्पनीको ४७औं वार्षिक साधारण सभामा पारित गरेको उपरोक्त संचालक समितिको वार्षिक प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ (२०२०/२१) को **आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन** सहितको **४७औं वार्षिक प्रतिवेदन** २०७७/७८ (२०२०/२१) छुट्टै अपलोड गरेको व्यहोरा समेत अनुरोध छ ।

स:धन्यवाद ।

भवदीय,

लिल बहादुर खत्री
कम्पनी सचिव